**स्वीकृत मितिः२०८० मंसिर १३ गते**

**...............................इन्स्योरेन्सकम्पनी लिमिटेड**

## आँप खेती बीमालेख

(लागत र उत्पादनमाआधारित)

यस बीमालेखमा उल्लेख भएको आँप खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले गरेको प्रस्ताव फाराम तथा उद्घोषणको आधारमा बीमा ऐन, २०७९ को अधिनमा रही बीमक श्री ................. ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद -१

प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भः(१) यस बीमालेखको नाम "आँप खेती बीमालेख" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा-

(क) **"अप्रत्यक्ष क्षति"** भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) **"अभिलेख"** भन्नाले यस बीमालेखमा उल्लेख भएको आँप खेतीको लागि आवश्यक पर्ने रोपणको लागि प्रयोग गरिने बिरुवाको श्रोत र उत्पादन अवस्था, गोडमेल, मलजल, सिंचाई, अन्तरबाली, तालिमी, काँटछाट, फल टिपाई र अन्य खेती सम्बन्धी गतिविधिहरुको विवरण कायम गरेको अभिलेख सम्झनु पर्छ।

(ग) **"आँप खेती"** भन्नाले यस बीमालेखमा उल्लेखित आँपको खेती सम्झनु पर्छ।

(घ) **"उचित स्याहार"** भन्नाले यस बीमालेखमा आँप खेतीको प्राविधिक व्यवस्थामा उल्लेख भएका प्रावधानहरूको परिपालन गरिएको सम्झनुपर्छ।

(ङ) **"दावी"** भन्नाले बीमा गरिएको आँप खेतीको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(च) **"दुर्घटना"** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने, सांघातिक, आकस्मिक र अप्रत्याशित घटना सम्झनुपर्छ।

(छ) **"प्राविधिक"** भन्नाले एस.एल.सी/एसईई वा सो सरहको परीक्षा उत्तिर्ण गरी कृषि विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा कृषि विज्ञान विषय लिई टी.एस.एल.सी. वा कृषि विज्ञान विषय लिई एस.एल.सी./एसईई वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज) **“प्राविधिक जाँच सिफारिस”** भन्नाले बीमा गर्न प्रस्तावित आँप खेती बीमायोग्य छ वा छैन भनी प्राविधिकद्वारा अध्ययन, अवलोकन गरी सिफारिस गर्ने कार्य सम्झनु पर्छ।

(झ) **“बीमक”** भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ।

(ञ) **“बीमा अवधि”** भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ।

(ट) **“बीमाङ्क रकम”** भन्नाले बीमालेख बमोजिम आँप खेतीको रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(ठ) **“बीमाशुल्क”** भन्नाले बीमालेखमा उल्लेख गरिएको आँप खेतीको बीमा गर्दा प्रतिफलको रूपमा बीमितबाट एकमुष्ठ वा किस्ताबन्दी रूपमा बीमकले लिने रकम सम्झनु पर्छ।

(ड) **“बीमित”** भन्नाले बीमा गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ।

(ढ) **“मूलभूत विवरण”** भन्नाले बीमा गरिएको आँप खेतीको जोखिमलाई फरक पार्न सक्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(ण) **“रक्षावरण”** भन्नाले बीमालेखमा उल्लेख भएको आँप खेतीमा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि बीमकले मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(त) **“लापरवाही”** भन्नाले बीमितले बीमा गरिएको आँप खेतीको उचित स्याहार, हेरचाह र उपचार नगराएको वा जानाजान हानी गर्न खोजिएको अवस्था सम्झनु पर्छ।

(थ) **“क्षति”** भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा जंगली जनावरको आक्रमणबाट वा रोग वा किरा लागी बीमा गरिएको आँप खेतीको हानी वा नोक्सानी भई, बिग्रिई, नष्ट भई हुने आर्थिक क्षति सम्झनु पर्छ।

(द) **“क्षतिपूर्ति”** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई क्षतिपूर्ति वापत भुक्तानी गर्ने दावी रकम सम्झनु पर्छ।

(ध) **“क्षति मूल्याङ्कनकर्ता”** भन्नाले यस बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्नका लागि कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका अनुसार योग्यता पुगेका प्राविधिक व्यक्ति वा संस्था सम्झनु पर्छ।

(न) **“क्षति मूल्याङ्कन प्रतिवेदन”** भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले आँपको बोट वा फल वा बोट र फल दुवै नष्ट भई आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदन सम्झनु पर्छ।

## परिच्छेद-२

## रक्षावरण

३. रक्षावरणः(१) बीमा गरिएको आँप खेतीमा बीमा अवधिभित्र देहायका कारणबाट क्षति भएमा बीमकले बीमाङ्क रकमको सीमाभित्र रही क्षतिपूर्ति प्रदान गर्नेछः

(क) अग्निजन्य क्षतिः

(१) आगलागी वा अग्निको कारणले भएको क्षति

(ख) हावाजन्य क्षतिः

(१) हुरीबतासको कारणले भएको क्षति

(२) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति

(ग) पानीजन्य क्षतिः

(१) अतिवृष्टिवा बेमौसमी वर्षाको कारणले भएको क्षति

(२) असिना वा हिउँकोकारणले भएको क्षति

(घ) मौसमजन्य क्षतिः

(१) खडेरीको कारणले भएको क्षति

(२) तुसारोको कारणले भएको क्षति

(ङ) भूमिजन्य क्षतिः

(१) भूकम्पको कारणले भएको क्षति

(२) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति

(च) चट्याङ्जन्य क्षतिः

(१) चट्याङको कारणले भएको क्षति

(छ) आकस्मिक वा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षतिः

(१) जंगलीजनावरकोआक्रमण (खाएर वा कुल्चिएर वा माडेर वाखोस्रेर वा उधिनेर वा झारेर)बाटभएको क्षति

(ज) रोग वा किराजन्य क्षतिः

(१) रोगको कारणले भएको क्षति

(२) किराको कारणले भएको क्षति

४. दुर्घटना बीमा : यस बीमालेखमा उल्लेख गरिएको बीमा अवधि भित्र बीमितको देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमाङ्क रकम रु.२,००,०००।- (अक्षरेपी दुई लाख रूपैयाँ) बीमकले बीमितलाई भुक्तानी गर्नेछः-

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाकोकारणले मृत्यु भएमा ,

(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा,

(ग) एक वा दुबै हातको नाडी देखि माथि पूरै हात काम नलाग्ने भएमा,

(घ) एक वा दुबै खुट्टाको गोली गाँठो देखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा,

(ङ) दुवै आँखाको दृष्टि गुमेमा।

परिच्छेद-३

## अपवाद

५. अपवादः(१)यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः

(क) आँप खेतीबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा,
(ख) अधिकार प्राप्त निकायको आदेशमा आँप खेती नष्ट गरिएमा,
(ग) विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोर वा अवशेषको संसर्ग (कन्टामिनेशन) बाट आँप खेती क्षति भएमा,
(घ) आणविक, रसायनिक तथा जैविक आम विनासकारी हतियारको प्रयोगबाट क्षति भएमा,
(ङ) सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा,

(२) देहायको कारणले भएको अन्य क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्नेछैनः

(क) बीमितले आँप खेतीको सम्बन्धमा प्रस्ताव फाराममा विवरण दिंदा झुठ्ठा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा कुरा उल्लेख गरेमा।
(ख) बीमा गरिएको आँप चोरी भएमा ।
(ग) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्य वा परीक्षण वा लापरवाहीको कारणले आँप खेतीमा क्षति पुऱ्याइएमा।
(घ) बीमितको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइबी पूर्ण व्यवहारको कारणबाट आँप खेतीमा क्षति भएमा।
(ङ) आँप उत्पादनको लागि लगाईएको बोटलाई माउ अथवा स्रोत बिरुवाको रूपमा प्रयोग गरेमा वा डाले घाँसका लागि प्रयोग गरिएमा। स्पष्ट गर्ने।
(च) महामारीको प्रकोप भएको भनि अधिकार प्राप्त निकायबाट घोषणा भएको क्षेत्रमा बीमा गरिएको आँप खेतीमा उक्त महामारीबाट क्षति भएमा।

परिच्छेद-४

## बीमा सम्बन्धी शर्त

६. प्रस्ताव तथा स्वीकृतिः(१) बीमालेख जारी गर्नुपूर्व बीमितले अनुसूची-१ बमोजिमको प्रस्ताव फाराम पूर्णरूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव फाराममा उल्लेख भए बमोजिम बीमकले बीमालेख जारी गर्नु पर्नेछ।

(३) दफा ७ को उपदफा (१) को अनुसूची-२ बमोजिमको ढाँचामा प्राविधिक जाँच सिफारिस प्राप्त गरेको हुनुपर्नेछ।

७. प्राविधिक जाँच सिफारिसः(१) बीमकले दफा (६) को उपदफा (१) बमोजिमको पूर्णरूपमा भरेको प्रस्ताव फाराम प्राप्त गर्दा अनुसूची-२ बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित आँप खेती प्राविधिक रूपमा खेती योग्य वा बीमा योग्य छ वा छैन भनी प्राविधिक जाँच सिफारिसपत्र प्राप्त गरेको हुनु पर्नेछ।

(२) बीमालेख जारी भए पश्चात प्राविधिकले बीमा अवधि भित्र बीमा गर्न सिफारिस गरेको आँप खेतीको कम्तीमा एक पटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन अनुसूची-३ बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखसंग संलग्न गरी राख्नु पर्नेछ।

(३) प्राविधिकले बीमालेख जारी भए पश्चात बीमा गरिएको आँप खेतीको पुन: जाँच परीक्षण गर्दा बीमितले शर्तहरु पूरा गरेको रहेनछ भने बीमालेख स्वत: रद्ध हुनेछ।

८. बीमालेख रद्द हुने अवस्थाः(१)देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछ:

(क) बीमितले बीमालेखको शर्त उल्लंघन गरेको,

(ख) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको,

(ग) बीमा गरेको आँप खेतीलाई उचित हेरचाह नगरी लापरवाही गरेको,

(घ) बीमा गरेको आँप खेती त्याग गरेको,

(ङ) गैरकानूनी तवरले बीमा गराएको,

(च) बीमायोग्य हित कायम नभएको,

(२) कुनै बीमितले उपदफा (१) बमोजिमको कुनै कार्य गरेको पाइएमा सोको प्रमाण समेत संलग्न गरी बीमालेख रद्द गर्न सक्नेछ।

तर बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई सात दिनको लिखित स्पष्टिकरणको मौका दिनु पर्नेछ।

(३) बीमकले उपदफा (२) बमोजिम बीमालेख रद्द गरेको प्रमाण सहित पन्ध्र (१५) दिन भित्र प्राधिकरणमा जानकारी गराउनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बीमालेख खारेज गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नुपर्नेछ र अनुदान प्राप्त हुने बीमितलाई कुनै रकम फिर्ता गर्नुपर्ने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वास्तविक मूल्य भन्दा बढी रकमको बीमाङ्क कायम गरी बीमा गराएको भएमा त्यस्तो बीमालेख स्वतः रद्द हुनेछ र बीमकले सोको जानकारी प्राधिकरणमा तुरून्त दिनु पर्नेछ।

९. <u>योगदानः</u> (१) यस बीमालेख अन्तर्गत बीमा गरिएको आँप खेतीको एउटा मात्र बीमकमा बीमा गर्नुपर्नेछ।

(२) बीमा गरिएको आँप खेतीको बीमा कुनै कारणवश अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो आँप खेतीको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ।

१०. <u>प्रत्यासनः</u> (१) बीमा गरिएको आँप खेतीको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि बीमितले बीमकलाई अनुमति प्रदान गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

११. <u>स्वामित्व परिवर्तनः</u> (१) बीमितले आफूले गरेको आँप खेतीको स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिन भित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात बीमकले तत्काल बीमालेखको निःशुल्क नामसारी गरिदिनु पर्नेछ।

(३) बीमा गरिएको आँप खेतीको स्वामित्व हस्तान्तरण भएको खण्डमा बीमकले सो कुराको जानकारी प्राप्त भएको पन्ध्र दिन भित्र स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाममा नि:शुल्क बीमालेखको नामसारी गरी दिनु पर्नेछ।

१२. <u>बीमालेखको पुनर्स्थापनाः</u> आँप खेती बीमालेख अन्तर्गत दावी परेपश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१३. <u>बीमालेखको अवधिः</u> (१) आँप खेती बीमालेख जारी गर्दा घण्टा र मिनेट समेत खुल्ने गरी समय उल्लेख गर्नु पर्नेछ।

(२) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमालेखको अवधि एक (१) वर्षको हुनेछ।

(४) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

(५) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

१४. <u>बीमकको कर्तव्यः</u> (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नुपर्नेछः

(क) बीमकले आफूले गर्ने आँप खेतीको बीमाङ्क आँप खेती गणना तालिका अनुसार गर्नुपर्नेछ।

(ख) बीमालेख जारी गर्नु पूर्व बीमा गरिने आँप खेती समेटिएको विभिन्न कोणबाट खिचिएको कम्तीमा पाँच वटा स्थिर फोटोर कम्तीमा एक मिनेटको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

(ग) बीमाङ्क गणना गर्दा कम वा बढी बीमाङ्क रकम कायम गरी बीमालेख जारी गर्नु हुँदैन।

(घ) बीमालेखमा उल्लेख गरिएको बीमादरको आधारमा बीमाशुल्क गणना गर्नुपर्नेछ।

(ङ) आँप खेती बीमालेख लिने बीमितको हकहित विरूद्ध कुनै क्षति पुर्याउनु हुँदैन।

(च) बीमकले यस बीमालेख बमोजिम आँप खेतीको बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पूरा नभएको भनी दावी भुक्तानी अस्वीकार गर्न पाउने छैन।

(छ) बीमालेख जारी गर्दा वा बीमा दावी फछर्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख राख्नु पर्नेछ।

(ज) बीमकले बीमितलाई यस बीमालेखसंग सम्बन्धित आवश्यक तथ्याङ्क, अभिलेख, अनुसूची र सन्दर्भ सामग्रीको सम्पूर्ण जानकारी दिनु पर्नेछ।

१५. बीमितको दायित्वः(१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्णरूपले पालना गर्नु पर्नेछ।

(२) बीमा गरिएको आँप खेतीको उचित हेरचाह, रेखदेख, निगरानी, गर्नुका साथै क्षति हुनबाट बचाउन सावधानीका उपायहरू अपनाउनु पर्नेछ।

(३) दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकार प्राप्त निकायलाई पूर्णरूपमा सहयोग गर्नुपर्नेछ।

(४) दावी यकिन गर्नका लागि बीमितलेआवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नुपर्नेछ।

१६. बीमा गर्न नपाइनेः एकै क्षेत्रफलमा लगाइएको आँप खेतीको आंशिक रूपमा बीमा गर्न पाइने छैन।

## परिच्छेद ५
## बीमाङ्क तथा बीमाशुल्क

१७. बीमाङ्क निर्धारण:(१) यस बीमालेख बमोजिम जारी गरिने आँप खेतीको बीमाङ्क निर्धारणका लागि **अनुसूची-४** मा भएको तालिकालाई आधार मान्नु पर्नेछ।

(२) यस बीमालेख अन्तर्गत आँप खेतीको बीमालेख जारी गर्दा लागतको र उत्पादनको आधारमा गर्न सकिनेछ।

१८. बीमाशुल्क: यस बीमालेख बमोजिम जारी हुने आँप खेतीको बीमाशुल्क लागतको आधारमा पाँच प्रतिशत र उत्पादनको आधारमा सात प्रतिशत कायम हुनेछ।

(२) उपदफा (१) बमोजिम आँप खेती बीमाको बीमाशुल्क गणना अनुसूची-५ को बमोजिमको सुत्रलाई आधार मानेर गरिनेछ।

(३) यस बीमालेखमा उल्लेख भएको दुर्घटना बीमा बापत बीमाशुल्क प्रति बीमित पाँच सय रूपैयाँ लाग्नेछ।

(४) एक वर्षभन्दा कम अवधिको बीमालेखको लागि समेत उपदफा (४) मा उल्लेख गरिएको दुर्घटना बीमा बापतको बीमाशुल्क लाग्नेछ।

१९. बीमाङ्क परिवर्तनः(१) बीमालेख जारी भईसके पश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र आँप खेती थप गर्नु परेमा त्यसरी थप गरिने आँप खेतीको लागि छुट्टै बीमालेख जारी गर्नुपर्नेछ।

२०. सामूहिक बीमाः(१) आँप खेतीको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी गरे पश्चात बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै आँप खेतीको अभिलेख कायम गर्नुपर्नेछ।

(४) सामूहिक रूपमा गरिएको आँप खेती बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टा छुट्टै दुर्घटना बीमा गरेको हुनु पर्नेछ र सोको विस्तृत विवरण अनुसूची-६ बमोजिम राख्नु पर्नेछ।

(५) सामूहिक बीमा गर्ने प्रयोजनका लागि मात्र संस्था वा समूह गठन गर्न पाइने छैन।

२१. बीमा शुल्क भुक्तानी: बीमितले अनुदान बाहेकको बीमाशुल्क भुक्तानी गरेको रकम बीमकको बैंक खातामा जम्मा भएको प्रमाण बीमकले प्राप्त नगरेसम्म बीमालेख जारी गर्न पाईने छैन।

## परिच्छेद -६
## बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२२. बीमितिले पालना गर्नुपर्ने: १) बीमितले आँप खेतीको लागि बीमा प्रयोजनका देहायका व्यवस्था पालना गरेको हुनुपर्नेछ।

(क) नयाँ बगैचाको हकमा बिरुवा रोपण गरेको तीन महिना पछि बीमा गरिएको हुनु पर्नेछ भने पुरानो बगैचाको हकमा असोज देखि पुष महिना सम्ममा बीमा गरेको हुनुपर्नेछ।

(ख) समुन्द्र सतहबाट ८००(आठ सय) मिटरसम्मको उचाईमा आँप खेती गरिएको हुनुपर्नेछ।

(ग) कलमी विधिबाट उत्पादित बिरुवालाई रोपण सामग्रीको रुपमा प्रयोग गरिएको हुनु पर्नेछ।

(घ) अगौटे, मध्यम र पछौटे सबै प्रकारका जातहरुको बीमा गर्न सकिनेछ।

(ङ) नेपाल बाहेक अन्य मुलुकबाट रोपण सामग्री खरिद गरि ल्याईएको हकमा रोपण सामग्रीको विवरण खुल्ने प्रमाणित कागजात, खरिद बील, भन्सार र आयात स्वीकृत प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ।

(च) नयाँ बगैचाको हकमा कम्तिमा २ देखि ३ फिट उचाइ भएको तथा १ देखि २ वर्ष उमेर पुगेको बिरुवा हुनु पर्नेछ।

(छ) बिरुवा सार्नु पहिले नै १ मी. गहिरो, १ मी. व्यास भएको खाडलहरू अनुसूची-७ मा सिफारिस घनत्त्व बमोजिमको दुरीमा खन्नु पर्नेछ र प्रति बोट सिफारिस मात्राको मल प्रयोग गर्नु पर्नेछ।

(ज) आँपको बिरुवा जेष्ठ देखि श्रावण महिनासम्ममा रोपि सक्नु पर्दछ, बिरुवा रोप्दा कलमी गरेको भाग जमिनको सतह भन्दा १५ से. मि. माथि हुनु पर्दछ। बिरुवा रोपि सकेपछि सहायताका लागि टेको (**staking**) दिनु पर्दछ।

(झ) आँप खेती गर्दा सिफारिस बमोजिमको मलको प्रयोग गरिएको हुर्नु पर्दछ।

(ञ) रोपण गरेको बिरूवामा नियमित खन जोत, सिंचाई तथा गोडमेल गरिएको हुनु पर्नेछ ।

(ट) बगैचामा भएको आँपको बिरुवासंग प्रतिस्पर्धा नगर्ने, आँपको बोट र जरालाई असर नगर्ने तथा रोग र किराहरुलाई आश्रय नदिने खालका बालीहरु अन्तर बालीको रुपमा लगाउन सकिनेछ।

(ठ) आँपको बिरुवालाई तालिमको आवश्यकता नभए तापनि रोपेको बोट उपयुक्त आकारमा नआउदासम्म (३ देखि ४ वर्षसम्म) बोटमा आउने फुल–पालुवालाई हटाई वानस्पतिक प्रणाली वृद्धि गर्नुपर्दछ र कलमी गरेको भाग भन्दा तल रुटस्टकबाट पलाएका पालुवा नियमित रुपमा हटाउनु पर्दछ।

**स्पष्टिकरण**ः यस खण्डको प्रयोजनको लागि “तालिम” भन्नाले फल नलाग्ने अवस्था सम्मको बोटलाई चारवटै दिशामा हाँगाहरु बराबर कोणमा फैलाई धैरै उत्पादन लिन र बोटको आकार बलियो बनाउनका लागि गरिने विधिलाई बुझाँउछ।

(ड) रोपणको लागि प्रयोग हुने बिरुवा तयार गरिएको विधि, कलमी विधि, प्राप्त गरेको मिति, जात, नर्सरी अथवा फार्मको जानकारी अभिलेख कायम गरिएको हुनु पर्नेछ।

(ढ) बीमा गरिएको आँप खेतीमा कुनै रोग वा किरा लागेमा तत्काल आफ्नै खर्चमा उचित रेखदेख, स्याहार तथा उपचार गराई सो को प्रमाण सुरक्षित रूपमा राख्नु पर्नेछ।

(ण) आँप खेती गर्दा पालना गर्नुपर्ने प्राविधिक व्यवस्थाको अनुसूची-७ बमोजिम अभिलेख राखिएको हुनु पर्नेछ।

## परिच्छेद -७
## दावी

२३. क्षतिको सूचनाः यस बीमालेखले रक्षावरण गरेको आँप खेतीको क्षति भएमा क्षति भएको तीन (३) दिन भित्र बीमितले बीमकलाई टेलिफोन, एसएमएस, लिखित पत्र, ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ।

२४. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरूः(१) बीमितले दावी भुक्तानी प्रक्रियाको लागि बीमकलाई देहाय बमोजिमको कागजातहरू पेश गर्नु पर्नेछः

(क) पूर्ण रूपले भरिएको दावी फाराम,

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,

(ग) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा पाँच (५) जना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने),

(घ) स्थानीय तहको वडा कार्यालयको कृषि सम्बन्धी सेवा दिने प्राविधिक वा शाखा वा त्यस्तो सेवा दिने प्राविधिक वा शाखा नभएको अवस्थामा वडा कार्यालयले क्षति भएको भनी गरेको सिफारिस,

(ङ) यस बीमालेखमा उल्लेख भएको अनुसूची-७ बमोजिमको अद्यावधिक अभिलेखको प्रति।

२५. दावीः(१) बीमकले लागतको आधारमा गरिएको आँप खेती बीमाको दावी भुक्तानी गर्दा अनुसूची-८ बमोजिमको दावी भुक्तानी तालिकाको आधार लिई गर्नुपर्नेछ।

(२) उत्पादनको आधारमा गरिएको आँप खेतीको दावी उत्पादनको आधारमा गरिनेछ।

(३) उत्पादन (फल) र लागतको (बोट) दुवैको आधारमा गरिएको आँप खेतीमा बीमा दावी परेमा उपदफा (१) र उपदफा (२) लाई आधार लिई गरिनेछ।

तर, एक सिजनको फल टिपिसकेपछि पुनः अर्को सिजनमा फल लाग्न चाहिने अवधिभित्र बोटमा कुनै क्षति भएमा लागतको आधारमा मात्रै दावी गर्न सकिनेछ।

(४) वर्ष बिराएर फल्ने जातको हकमा बोटले उत्पादन दिन शुरु गरेको पाँच वर्ष सम्मको उत्पादन तथ्याङ्कको प्रवृत्ति (Trend) विश्लेषणको आधारमा नफल्ने वर्षमा कुनै क्षति भएमा लागतको आधारमा मात्रै दावी गर्न सकिनेछ।

२६. दावी फछ्र्यौटः (१) दफा २३ बमोजिम दावी परेपछि बीमकले आफू समक्ष परेको आँप खेतीको बीमा दावीको तत्काल दावी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्नेछ।

(३) बीमकले उपदफा (१) बमोजिम आँप खेती बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिन भित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको आँप खेतीको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा स्थिर फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप अनुसूची-९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदनसंगै संलग्न गरेको हुनुपर्नेछ।

तर क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँच वटा स्थिर फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिन भित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस बीमालेखको वर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले प्राधिकरणको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधि भित्र क्षति मूल्याङ्कन गरी अनुसूची -९ बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदन संलग्न गरेको हुनुपर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन भित्र बीमकले दायित्व एकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित बीमितलाई लिखित जानकारी दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ।

परिच्छेद -८

## विविध

२७. **बीमालेख:** बीमालेख भन्नाले बीमकले जारी गर्ने आँप खेतीको जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसंग संलग्न कागजातहरू सम्झनु पर्छ।

२८. बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः(१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ आँप खेती बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्र्याएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

(२) यस बीमालेखमा प्रयोग भएका विशेष प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ।

२९. अधिकः यस बीमालेख अन्तर्गत कुल दावी योग्य रकमको १०% (दश प्रतिशत) वा रू. १०,००० (दश हजार) मध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गरिनेछ।

३०. न्यूनतम क्षेत्रफल (१) :आँप खेती सम्बन्धमा बीमितले सुरक्षण गर्न पाउने बालीको न्यूनतम क्षेत्रफल कृषि, पशुपन्छी तथा जडिबुटि बीमा निर्देशिका, २०७९ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम बीमा गरिने आँप खेती गरिएको जग्गाको कित्ता नं. उल्लेख गर्नुपर्नेछ। तर कित्ता नं. उल्लेख नभएको जग्गा वा ऐलानी जग्गा भएमा उक्त जग्गाको अवस्थिति यकिन हुने चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. समेतका प्रमाण लिनु पर्नेछ।

३१. उजुरी गर्न सक्ने: (१) देहायको अवस्थाआइ परेमा बीमितले विस्तृत विवरण खुलाई प्राधिकरणमा उजुरी दिन सक्नेछः

(क) बीमकले दावीको निवेदन दर्ता नगरेमा,
(ख) बीमकले दावी वापतको रकम नदिएमा,
(ग) बीमकले भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा,
(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गरेमा,
(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

(२) बीमा दावीको उजुरी सम्बन्धमा प्राधिकरणले दिएको आदेशमा चित्त नबुझेमा ३५ (पैंतीस) दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -१**

**(दफा ६ सँग सम्बन्धित)**

**आँप खेती बीमाको प्रस्ताव फाराम**

(१) आँप खेती बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः...........................................

(२) पूरा ठेगानाः प्रदेश..................जिल्ला...................पालिका................. वडा नं................
टोलः ................... मोबाइल नं. .........................फोन नं. ...................ईमेल.........................................

पेशाः.........................................................

(३) प्रस्तावित बीमाको किसिमः (चिनो लगाउनुहोस्)
(क)लागतमा आधारित ( )

(ख) उत्पादनमा आधारित ( )

(४) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्ः-

| **क्र.सं.** | **आँप खेती** | | **रोपण सामग्री** | **बोटको उमेर** | **क्षेत्रफल** | **बोटहरु बीचको दूरी** | **जम्मा बोट संख्या** | **बीमा गर्ने बेलाको प्रतिबोट उत्पादन (के.जी.)** |
|---|---|---|---|---|---|---|---|---|
| | व्यक्तिगत | सामूहिक | जात | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(५) आँप खेती लगाईएको स्थानको पूर्ण विवरण तथा ठेगानाः
प्रदेश..................जिल्ला...................पालिका...............वडानं................टोलः..................

कित्ता नं. .....................चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं....................... (ऐलानी जग्गाको हकमा) जग्गाको क्षेत्रफलः.................................

खेती गरिएको जग्गाको प्रकृति (क) समथर ☐ (ख) भिरालो ☐

(६) आँप खेती व्यक्तिगत वा सामूहिक के हो खुलाउनुहोस?

(७) सामूहिक भए निम्न विवरण भर्नुहोस्ः
समूह वा बीमालेख धारकको नामः ..........................................आँप लगाइएको स्थान.....................................

ठेगानाः प्रदेश....................जिल्ला...................पालिका.................. कित्ता नं.....

फोन नं.......................... मोबाइल नं. ........................इमेल.................................................

चार किल्लावा स्थानीय तहले प्रदान गरेको संकेत नं. ……(ऐलानी जग्गाको हकमा) ..............वडा नं. ........टोलः.........

(८) आँप रोपण गरेको मितिः ........................

(९) आँप लगाउनु पूर्व लगाएको बालीको विवरण ........................

(१०) आँप खेतीको बीचमा अन्य अन्तर बाली लगाउनु भएको छ? यदि छ भने उक्त बालीको नाम उल्लेख गर्नुहोस्..............................

(११) सिंचाईको उपलब्धता भए, नभएको उल्लेख गर्नुहोस् ..........................

(१२) प्रति बोट आँपमा मलखाद प्रयोगको स्थितिः

कम्पोष्ट मल (के.जी.) ............................

युरीया (ग्राम) ......................

डी.ए.पी. (ग्राम) ........................

पोटास (ग्राम) ...........................

अन्यः ...............................

(१३) पुरानो बगैचाको बीमा गर्ने भए नियमीत तालिमी र काट छाँटको अवस्था बारे उल्लेख गर्नुहोस ?

(१४) आँप खेतीमा हर्मोनहरुको प्रयोग गर्नु भएको छ ?छ भने कुन कुन अवस्थामा प्रयोग गर्नुहुन्छ **?**

(१५) आँप खेतीका लागि प्राविधिक सरसल्लाह कहाँबाट प्राप्त गर्नुभएको छ?...............................

(१६) आँप खेती सम्बन्धी तालिम लिनुभएको छ**?** यदि छ भने तालिम दिने संस्थाको नाम, तालिमको अवधि र मिति उल्लेख गर्नुहोस्।

..................................................................................................................................................

(१७) कृषिजन्य सुविधाहरु प्राप्त गर्नु भएको छ? यदि छ भने कहाँबाट के के प्राप्त गर्नु भएको छ?

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

(१८) तपाईले यस अघिगर्नु भएको आँप खेतीमा किरा वा रोग लागेको थियो?.......................................................................

यदि थियो भने, कति रकम बराबरको क्षति भएको थियो? .........................................................................................

(१९) यदि किरा वा रोग बाहेक अन्य कारणबाट क्षति भएको थियो भने निम्न विवरण भर्नुहोस्:

| वर्ष | क्षतिको कारण | क्षतिको परिमाण |
|---|---|---|
| | | |

(२०) यस अघि कुनै बीमा कम्पनीमा आँप खेतीको बीमा भएको भए सो बीमकको नाम र कति बीमाङ्क बराबरको बीमा भएको हो ? उल्लेख गर्नुहोस्।

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

(२१) कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त आँप खेतीमा लगानी गरेको छ वा छैन? यदि छ भने उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्:

नाम/ठेगानाः ................................................................

प्रदेश..................जिल्ला...................पालिका..................................वडा नं................टोलः....................

फोन नं./ मोबाइल नं................................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकमः रु........................अक्षरेपी ..........................................................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, आँप खेती बारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछु/गर्दछौँ। मैले/हामीले बीमासङ्ग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको,छिपाएको छैन। यो प्रस्ताव बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा स्वःघोषणा गर्दछु/गर्दछौं। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

**प्रस्तावकको**

हस्ताक्षरः

नाम(संस्था वा व्यक्तिगत):

संस्था भए संस्थाको छापः

संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधिको नाम:

मितिः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची -२**
**(दफा ७ सँग सम्बन्धित)**
**प्राविधिकको जाँच सिफारिसपत्र**

**(प्रस्ताव फाराम साथ संलग्न हुनु पर्ने)**

(१) आँप खेती प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः............................................................

(२) पूरा ठेगानाः प्रदेशः.................................जिल्ला. ....................पालिका...................वडा नं. ..............................

टोलः..................... फोन नं. .................. मोबाइल नं. ................................. ईमेल....................................

(३) पेशाः ..................

(४) आँपको जातः………………

(५) बीमाको लागि प्रस्तावित जम्मा बोट संख्याः .............

(६) आँप लगाईएको स्थानको पूर्ण विवरणः

प्रदेशः..............................जिल्ला.......................पालिका....................................................................

वडा नं. ............... टोलः................कित्ता नं. .................... चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं............ (ऐलानी जग्गाको हकमा )

जग्गाको क्षेत्रफलः.................................

खेति गरिएको जग्गाको प्रकृति (क) समथर ☐ख) भिरालो ☐

(७) आँप लगाईएको जग्गाको भौगोलिक अवस्थितिः-
(क) समुन्द्र सतहबाट आँपखेती गरिएको जग्गाको उचाईः ..................

(ख) जग्गाको मोहडाः.................

(ग) सिंचाईको उपलब्धता छछैन ☐ ☐

(८) मरेका बिरुवाहरुको ठाउँमा नयाँ बिरुवा रोप्ने, गोड मेल गर्ने, मल दिने तथा काटछाँट गर्ने लगायत अन्य नियमित व्यवस्थापनका कामहरु गरिएको छ कि छैन? ……………………………

(९) काटछाँट पछि बोटहरुलाई उपचार गरिएको छ ?

(१०) हर्मोनको प्रयोग गरिएको छ भने कुन प्रयोजनका लागि, कति मात्रामा र कुन अवस्थामा प्रयोग गरिएको हो?

(११) आँपको बोटहरुको बीचमा अन्तरबाली लगाएको भए बालीको नाम .........................

(१२) प्रतिबोट प्रयोग गरिएको मलखादको मात्रा ....................................

(१३) आँपको बोटहरुमा कुनै रोग/कीराको संक्रमण देख्नु भएको छ ? यदि छ भने कुन रोग वा किराको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस ।...............................................................

(१४) त्यस क्षेत्रमा विगतमा आँप खेतीमा कुनै संक्रामक रोग वा किरा लागेको थियो? यदि थियो भने कहिले कुन रोग वा कीराबाट क्षति भएको हो? उल्लेख गर्नुहोस् .............................................................

(१५) आँप खेतीको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरु कुनै जानकारी छ? यदि छ भने त्यसको विवरण दिनुहोस् । ..........................................................................................................................................................

(१६) आँप खेती बीमायोग्य छ वा छैन भन्ने निर्णय गर्नका लागि थप प्राविधिक जाँच गर्नुपर्ने ठान्नुहुन्छ ? ........................

ठान्नुहुन्छ भने कुन जाँच गर्नु उपयुक्त हुन्छ ?.......................................

(१७) आँप खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

..........................................................................................................................................

यस अनुसूचीमा उल्लिखित आँप खेतीको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरें। प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

| **ल्याप्चे छाप** | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**प्राविधिकको**
नाम (व्यक्तिगत वा संस्थागत)
सहीः
ठेगानाः
मितिः
फोन/मोबाईल नं.
प्रमाणपत्र जारी गर्ने संस्थाः
प्रमाणपत्र नं.
कोड नं/ दर्ता नं.
संस्थाको हकमा कार्यालयको छापः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -३**

**(दफा ७ (२) सँग सम्बन्धित)**

**प्राविधिकको पुनः जाँच परीक्षण तथा निरीक्षण प्रतिवेदन**

(१) आँप खेती बीमित (व्यक्ति वा संस्था) को नामः...........................................................

(२) आँप खेती बीमालेख नं:

(३) बीमा गरिएको अवधि

(४) आँप खेती गरिएको स्थानः

प्रदेशः................................जिल्ला. ....................पालिका..................वडा नं. ..............................

टोलः....................

(५) आँप खेतीको क्षेत्रफलः

(६) आँप खेतको बीमा गर्दाको समयमा बोट संख्याः

(७) आँप बोटको उमेर...........

(८) आँप खेतीको अवस्थाः

क. हुर्केको आँप बोटको संख्या...............................
ख. मरेको आँप बोटको संख्या .................................
ग. फल टिपाई पछिको विरूवाको अवस्था (फल लागेको आँपको बोटको हकमा) चोटपटक लागेको वा हाँगाविगा भाच्चिएको, लछारिएको वा काटिएको छ वा छैन ? ....................................... यदि छ भने कस्तो अवस्थामा छ उल्लेख गर्नुहोस्।
..................................................................................................................................................

(९) आँप खेतीको उचित स्याहारः

(क) मलजल गरेको वा नगरेको ......................
(ख) मलखादको विवरण ......................
(ग) सिँचाई गरेको वा नगरेको ............................
(घ) सिँचाईको अन्तराल ..................................
(ङ) हर्मोनको प्रयोग गरेको वा नगरेको .............................
(च) तालिमी वा काँटछाट गरेको वा नगरेको .............................
(छ) काँटछाट पछि बोटको उपचार गरेको वा नगरेको..................................
(ज) अन्तरबाली लगाएको वा नलगाएको ..................................
(झ) अन्तरवाली लगाएको भए कुन कुन प्रकारका बाली र कुन अवधिमा लगाइएको ...............................
(ञ) रोग र किरा लागेको वा नलागेको .............................................
(ट) रोग तथा किरा लागेको भए उपचार गरेको वा नगरेको .................
(ठ) रोग वा किरा लागेको बारे बीमितलाई थाहा भएको वा नभएको ..............................
(ड) रोग तथा किरा सम्बन्धी प्राविधिक सल्लाह लिएको वा नलिएको .............................
(ढ) सटिइएको जग्गामा रोग तथा किराको प्रकोप देखिएको भए उल्लेख गर्ने ....................................

(१०) प्राविधिकले पुनः परीक्षण गर्ने दिनको विरूवाको विस्तृत विवरण

.................................................................................................................................................................
.............................................................................................................................

(११) आँप खेतीको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमितलाई दिनुपर्ने राय तथा सुझाव ।

.................................................................................................................................................................
.............................................................................................................................

(१२) आँप खेतीको निरीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा बीमकलाई दिनुपर्ने राय तथा सुझाव ।

.................................................................................................................................................................
.............................................................................................................................

यस अनुसूचीमा उल्लिखित आँप खेतीको मैले पुनः जाँच निरीक्षण गरें। प्रस्तुत विवरण तथा उत्तरहरु मेरो निरीक्षणको क्रममा देखिएका सही र तथ्यपरक छन् भन्ने कुरा सिफारिस गर्दछु । यस प्रतिवेदनमा लेखिएका व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला ।

| **ल्याप्चे छाप** | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं.

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -४**

**(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)**

**आँप खेती बीमाङ्क निर्धारण तालिका**

| **लागतमा आधारित** | |
|---|---|
| **उमेर (वर्ष)** | **प्रति बोट उत्पादन लागत खर्च (रू)** |
| रोपेको वर्ष<br>(१२) महिना सम्मको बोट | १९९० |
| १–२ वर्षको बोट | १५६० |
| २–३ वर्षको बोट | १७१५ |
| ३–४ वर्षको बोट | १८८० |
| ४–५ वर्षको बोट | २०६५ |
| ५–६ वर्षको बोट | २२६५ |
| ६–७ वर्षको बोट | २४८५ |
| ७–८ वर्षको बोट | २७३० |
| ८–९ वर्षको बोट | ३००० |
| ९–१०वर्षको बोट | ३२९० |
| ११ वर्ष देखि १५ वर्ष सम्म | ३६५० |
| १६ वर्ष देखि २५वर्ष सम्म | ४००० |
| २६ वर्ष देखि ४० वर्ष सम्म | ४५५० |

***द्रष्टव्य:-***यो लागत विवरण नेपाल सरकारद्वारा प्रकाशित तथ्याङ्कलाई आधार मानी निर्धारण गरिएको हो।

| **उत्पादनमा आधारित** | | |
|---|---|---|
| **बोटकोउमेर** | **औसत (केजी/बोट)** | **मूल्य(रू/केजी.)** |
| ५ वर्ष पूरा भएको बोट | ५० | |
| ६ वर्ष पूरा भएको बोट | ७० | |
| ७ वर्ष पूरा भएको बोट | ९० | |
| ८वर्ष पूरा भएको बोट | ११० | |
| ९ वर्ष पुरा भएको बोट | ११८ | |
| १० वर्ष पुरा भएको बोट | १२० | |
| ११ वर्ष देखि १५ वर्ष सम्म | १२५ | |
| १६ वर्ष देखि २५ वर्ष सम्म | १२२ | |
| २६ वर्ष देखि ४० वर्ष सम्म* | ११५ | |

***द्रष्टव्य:-*** १) बीमाङ्क रकम कायम गर्दा यस बीमालेखमा उल्लेख भएको लागत र नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट पछिल्लो वर्ष प्रकाशित भएको **“STATISTICAL INFORMATION ON NEPALESE AGRICULTURE” (नेपाली कृषि सम्बन्धि तथ्याङ्कीय जानकारी)** मा भएको विवरणलाई आधार मानिनेछ।

२) मूल्य रू/के.जी किसानले उत्पादन स्थलमा पाउने मूल्य हुनेछ।

* २६ वर्ष देखि ४० बर्ष सम्म आँपको औसत उत्पादन क्षमता क्रमिक रुपले घट्दै जाने भएकाले।

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

अनुसूची-५

**(दफा १९ को उपदफा (३) सँग सम्बन्धित)**

**बीमा सम्बन्धी विवरण तथा बीमाशुल्क गणना तालिका**

<table>
<tr>
<td>आँप बीमा प्रस्तावक (व्यक्ति वा संस्था)कोनामः<br>नागरिकता नं./संस्थाको हकमा दर्ता नं.:<br>नागरिकता जारी गरिएको जिल्ला/संस्थाको हकमा संस्था दर्ता भएको स्थान.........<br><br>नागरिकता जारी गरिएको मितिः<br><br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र नं.<br><br>किसिम तथा नम्बर....................<br><br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था....................<br><br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति ....................<br><br>व्यक्ति/ संस्था वा फर्मको दर्ता भएको ठेगानाः<br><br>संस्थाको हकमा प्यान नं.<br><br>प्रस्तावकको ठेगानाः<br><br>प्रदेशः.....................जिल्ला.................................<br><br>पालिका....................वडा नं. ............टोल...................घर नं. .........<br><br>फोन नं. ..............................मोबाइल नं. ..........................<br><br>ईमेल ठेगाना............................</td>
<td>बीमालेख नं.<br><br>अभिकर्ताको नामः<br><br>अभिकर्ता ईजाजतपत्र नं:.<br><br>प्राविधिकको नाम तथा सम्पर्क नं.:<br><br>प्राविधिकको कोड नं:.<br><br>बीमालेख जारी मितिः<br><br>बीमालेख जारी समयः<br><br>बीमालेख जारी स्थानः<br><br>नगदी बीजक जारी मिति तथा समय:<br><br>नगदी बीजक नं:.<br><br>बीमाङ्क रकम रुः</td>
</tr>
<tr>
<td>(खुलाउनु पर्ने)<br>प्रस्तावित बीमाको किसिमः....................<br><br>लागतमा आधारित ( )उत्पादनमा आधारित( )<br>बोटको कुल संख्या ....................<br><br>बीमा गरिएको बोटको संख्या .......................................<br><br>बोटको उमेर...................................................<br><br>क्षेत्रफल ...................................</td>
<td><u>बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको हकमा</u><br>बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः<br>ऋणको रकम:<br>ऋणको अवधि:<br><hr>आँप लगाइएको स्थानः<br><br>प्रदेशः...................................जिल्ला............<br><br>पालिका...................वडा नं. ...................... टोल........................<br><br>कित्ता नं ...........<br><br>चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जग्गाको हकमा)</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| जात(रुटस्टक र सायनको)...............................<br><br>बीमा प्रारम्भ मितिः ................<br><br>बीमा समाप्तिमितिः............................<br><br>बीमाअवधिः ................. | ..................... | | | |
| **इच्छाईएको व्यक्तिको** | **आँप खेति बीमा गणना तालिका** | | | |
| नाम, थरः | **आँप बोट संख्या** | **बीमाङ्क रकम** | **बीमाशुल्क** | **जम्मा बीमाशुल्क** |
| बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः | (लागतको आधारमा) | | बीमाङ्क रकमको (५पाँच प्रतिशत .................. | रु. “क” |
| इच्छाईएको व्यक्तिको बा/आमाको नामः | (उत्पादनको आधारमा) | | बीमाङ्क रकमको सात (७) प्रतिशत .................. | रु. “ख” |
| मोबाईल नं. ...............<br>ठेगाना................. | कुल जम्मा बीमाशुल्क (क + ख ) | | | रु. “ग” |
| ईमेल ........................... | प्रत्यक्ष छुट (प्रतिशत खुलाउने) | (......% ) = रु. “घ” | | |
| | छुट पछिको बीमाशुल्क | प्रत्यक्ष छुट भएमा (ग–घ)= रु. “ङ”<br>छुट नभएको हकमा (ग– ०) = | | |
| | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम | अनुदान बापत (ङ ×…% ) =रु. “च”<br>बीमितले तिर्ने (ङ –च ) = रु. “छ” | | |
| | बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या“अ” ………. | बीमाशुल्क (रु ५००) “आ” ……… | (अ × आ) रू. “ज” ……… |
| | **बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क** | छ + ज = रु. …… | | |

<u>बीमालेख स्वीकृत गर्ने अधिकारिको</u>
हस्ताक्षरः
नामः
पदः
मितिः
छापः

### क. लागतको आधारमा आँपखेतीको बीमाशुल्क गणना तालिका

| क्र.सं. | सुत्र | | | रकम |
|---|---|---|---|---|
| १. | आँप बोटको बीमाङ्क = आँप बोटको संख्या ×प्रति बोटको लागत मूल्य | | | रू....“क” |
| २. | आँप खेतीको बीमाशुल्क = क×बीमाङ्क रकमको ५% (पाँच प्रतिशत) | | | रू....“ख” |
| ३. | प्रत्यक्ष छुट भएमा (ख को ......%)<br>नभएमा “०” राख्ने | | | रू.... “ग” |
| ४. | छुट पछिको रकम (ख – ग) | | | रू.... “घ” |
| ५. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम (घ को .....%) | | | रू.... “ङ” |
| ६. | जम्मा बीमाशुल्क = घ–ङ | | | रू.... “च” |
| ७. | बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या “अ”<br>……… | बीमाशुल्क (रु. ५००) “आ”<br>……… | (अ × आ )<br>रू.... “छ” |
| ८. | बीमितले तिर्नुपर्ने कूल बीमाशुल्क रकम = च+छ | | | रू.... |

### ख. उत्पादनकोआधारमा आँपखेतीको बीमाशुल्क गणना तालिका

| क्र.सं. | सुत्र | | | रकम |
|---|---|---|---|---|
| १. | **उत्पादन (फल) को बीमाङ्क** = आँप **बोटको संख्या ×प्रति बोटको औसत उत्पादन फल के.जी.×फलको मूल्य प्रति के.जी.** | | | रू.... “क” |
| २. | आँप फलको बीमाशुल्क = क×बीमाङ्क रकमको ७% (सात प्रतिशत) | | | रू.... “ख” |
| ३. | प्रत्यक्ष छुट भएमा (ख को ......%)<br>नभएमा “०” राख्ने | | | रू.... “ग” |
| ४. | छुट पछिको रकम (ख – ग) | | | रू.... “घ” |
| ५. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम (घ को .....%) | | | रू.... “ङ” |
| ६. | जम्मा बीमाशुल्क = घ – ङ | | | रू.... “च” |
| ७. | बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या “अ”<br>……… | बीमाशुल्क (रु. ५००) “आ”<br>……… | (अ × आ )<br>रू.... “छ” |
| ८. | बीमितले तिर्नु पर्ने कूल बीमाशुल्क रकम = च+छ | | | रू.... |

*द्रष्टव्यः(१)* **प्रति बोटको औसत उत्पादन फल के .जी.**निकाल्नका लागि नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा प्रकाशित जिल्लाको अघिल्लो बर्षको उत्पादकत्त्व (मेट्रिक टन प्रति हेक्टर) लाई अनुसूची ७ बमोजिम कायम भएको प्रति हेक्टर बिरुवा संङ्ख्याले भाग गरी १००० ले गुणन गर्नु पर्दछ ।

(२) मूल्य रु.प्रति के.जी. भन्नाले किसानले उत्पादन स्थलमा पाउने मूल्यलाई बुझिनेछ।

## ग. लागत र उत्पादन दुवैको आधारमा आँप खेतीको बीमाशुल्क गणना तालिका

| क्र.सं. | सुत्र | | | रकम |
|---|---|---|---|---|
| १. | आँप बोटको बीमाङ्क = आँप बोटको संख्या ×प्रति बोटको लागत मूल्य | | | रू.... "क" |
| २. | आँप खेतीको बीमाशुल्क = क ×बीमाङ्क रकमको ५% (पाँच प्रतिशत) | | | रू.... "ख" |
| ३. | प्रत्यक्ष छुट भएमा (ख को ......%)<br>नभएमा "०" राख्ने | | | रू.... "ग" |
| ४. | छुट पछिको रकम (ख – ग) | | | रू.... "घ" |
| ५. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम (घ को .....%) | | | रू.... "ङ" |
| ६. | जम्मा बीमाशुल्क (लागत) = घ – ङ | | | रू.... "च" |
| | | | | |
| ७. | उत्पादन **(फल) को बीमाङ्क** = आँप **बोटको संख्या × प्रति बोटको औसत उत्पादन फल के.जी.×फलको मूल्य प्रति के.जी.** | | | रू.... "छ" |
| ८. | आँप फलको बीमाशुल्क = छ×बीमाङ्क रकमको ७% (सात प्रतिशत) | | | रू.... "ज" |
| ९. | प्रत्यक्ष छुट भएमा (ज को ......%)<br>नभएमा "०" राख्ने | | | रू.... "झ" |
| १०. | छुट पछिको रकम (ज – झ) | | | रू.... "ञ" |
| ११. | नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम (ञ को .....%) | | | रू.... "ट" |
| १२. | जम्मा बीमाशुल्क(उत्पादन)= ञ – ट | | | रू.... "ठ" |
| १३. | जम्मा बीमाशुल्क = च+ठ | | | रू.... "ड" |
| १४. | बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमितको सङ्ख्या"अ"<br>......... | बीमाशुल्क (रु ५००)"आ"<br>......... | (अ × आ )<br>रू.... "ढ" |
| १५. | कूल जम्मा बीमाशुल्क=ड+ढ | | | रू.... |

**द्रष्टव्यः**(१) बोट रोपण गरेको ४ (चार) वर्षसम्म लागतको आधारमा मात्र बीमा गरिनेछ र रोपणको पाँच वर्ष पछि उत्पादन (फल) वा लागत (बोट) वा दुवैको आधारमा बीमा गर्न सकिनेछ।

(२) बर्ष बिराएर फल्ने जात भएमा तथा बोटले उत्पादन दिन शुरु गरेको पाँच वर्ष सम्मको उत्पादन तथ्याङ्क/लगतको विश्लेषणको आधारमा नफल्ने वर्षमा बोटको मात्रै बीमा गर्न सकिनेछ।

(३) उत्पादनको आधारमा फलको बीमा फुल फुल्न शुरु गरेपश्चात अन्तिम पटकको फल टिपाई सम्म अवधिकोमात्र हुनेछ।

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची- ६**
**(दफा २१ को उपदफा (३) सँग सम्बन्धित)**
**आँप खेती सामुहिक बीमाको विस्तृत विवरण**

**बीमालेख धारक संस्थाको नामः ... ... ...**
**बीमालेख धारकको ठेगानाः ... ... ...**
**बीमालेख नं.: ... ... ... ... ... ... ... ... ...**

| क्र. स. | बीमितको नाम | ठेगाना | सम्पर्क नं. | बीमा गरिएको बोटको संङ्ख्या | बीमा गरिएको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**सँस्थाको प्रतिनिधिको**
हस्ताक्षर
नाम
पद
सँस्थाको प्यान नं.
छाप
मिति

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -७**

**(दफा २३ को उपदफा (१) को खण्ड (ण) सँग सम्बन्धित)**

**आँप खेती सम्बन्धी प्राविधिक व्यवस्था सम्बन्धी अभिलेख**

**(१) आँपको प्रति हेक्टर बोट सङ्ख्या निर्धारण तालिका**

| क्र स | दुरी (मि. × मि.) | बिरुवाप्रति हेक्टर |
|---|---|---|
| | ६ × ६ | २७८ |
| | ८ × ८ | १५६ |
| | १० × १० | १०० |
| | १२ × १२ | ६९ |

**द्रष्टव्य:** आँप बगैचा योजना अनुसारको बोटको जात, बिरुवा तयार गरेको विधि, रेखाङ्कन विधि अनुसार बोट देखि बोट र हार देखि हारको दुरी निर्धारण गरी प्रति हेक्टर बिरुवा सङ्ख्या कायम गर्नुपर्दछ।

**(२) आँपखेती गर्दाका महत्वपूर्ण गतिविधिहरूको विवरण**

| क्रियाकलापहरू | क्रियाकलाप गरिएको मिति | विवरण | कैफियत |
|---|---|---|---|
| बिरुवा रोपण | | | |
| सिंचाई | | | |
| गोडमल | | | |
| मलखाद | | | |
| हर्मोनको प्रयोग | | | |
| काँटछाँट | | | |
| अन्तरबाली लगाएको | | | |
| फल टिपाई | | | |
| अन्य | | | |

(३) रोपणको लागि प्रयोग गरिने बिरुवाको विवरण

| क्र.सं. | बिरुवा प्राप्त गरेको मिति | नर्सरीको नाम तथा ठेगाना | जात | माउ बोटको औसत उत्पादन (के.जी.) | बिरुवा तयार गरेको विधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(४) आँप उत्पादन तथा बिक्री परिमाण सम्बन्धी विवरण

| मिति | उत्पादन परिमाण (के.जी.) | घरायसी उपयोगको परिमाण (के.जी.) | बिक्री परिमाण (के.जी.) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| कुल | | | | |

**द्रष्टव्य:**प्रति बोट लिएको उत्पादन (के.जी.)= कुल उत्पादन परिमाण (के.जी.)/ कुल बीमा गरिएका बोट संख्या

(५) हर्मोन/विषादीको प्रयोग

| हर्मोन/बिषादी प्रयोग गरेको मिति | हर्मोन/विषादीको नाम/प्रकार | परिमाण | हर्मोन/विषादीको स्रोत (आफैंले बनाएको/ किनेको) | खरिद गरेकोभए | | कुल लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | हर्मोन/बिषादी खरिद गरेको मिति | बिल नं. | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची- ८**
**(दफा २६ सँग सम्बन्धित)**
**लागतको आधारमा बीमा गरिएको आँप खेतीको बीमा दावी भुक्तानी तालिका**

| **विवरण** | **वास्तविक क्षति प्रतिशत (प्रतिबोट कायम बीमाङ्कको )** |
|---|---|
| बिरूवा रोपण गरेको वर्ष (१२ महिनासम्म) | ७५ |
| १–२ वर्षको बोट | ८० |
| २–३ वर्षको बोट | ९० |
| ३–४ वर्षको बोट | ९५ |
| ४–५ वर्षको बोट | ९५ |
| ५ वर्ष पूरा भएको बोट | १०० |

**द्रष्टव्यः-** लागतको आधारमा प्रदान गरिने दावीको हकमा बीमकले दावी भुक्तानी प्रदान गर्दा बास्तविक क्षति (प्रति बोट कायम बीमाङ्कको) प्रतिशतमा दावी रकम निर्धारण गरी त्यसबाट अधिक रकम कट्टा गरी दावी भुक्तानीको व्यवस्था गर्नुपर्नेछ ।

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची- ९**
**(दफा २७ को उपदफा (४ र ७) सँग सम्बन्धित)**
**आँप खेती क्षति मूल्याङ्कन प्रतिवेदन**

१. **क्षति मूल्याङ्कनका लागि तोक्ने बीमकको नाम**
क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको चलानी नं. र मिति .............

२. **क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नाम**
सम्पर्कः.....................................................................................................................................
प्यान (PAN)नं. .............................. कोड नं..... ................................................
फोन नं. ................. मोबाइल नं. .................................इमेल....................................

३. **क्षति मूल्याङ्कन गर्ने स्थानको पूरा ठेगानाः**
प्रदेशः...................जिल्ला...............पालिका...................वडा नं.............टोलः....................
क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः...............................
क्षति मूल्याङ्कनका लागि लागेको अवधि:
क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः .....................

४. **दावी कर्ताको विवरणः**
बीमा दावी कर्ताको नामः ..........................................
ठेगानाः .............................................
बीमालेख नं. ...............................................
क्षति भएको बीमाको किसिमःआंशिक ☐ पूर्ण ☐

५. **क्षति सम्बन्धी विवरणः**
क्षति भएको मितिः ...........................................क्षति भएको समयः ...........................................
क्षति भएको बोटको अवस्था: उत्पादन नहुँदै ☐ उत्पादन हुन थालेपछि ☐

६. **क्षति हुनुको कारणः**

७. क्षतिको मूल्याङ्कनः

| **लागतको आधारमा भएको क्षतिको मूल्याङ्कन** | | **उत्पादनको आधारमा भएको क्षतिको मूल्याङ्कन** | |
|---|---|---|---|
| **विवरण** | **गणना** | **विवरण** | **गणना** |
| **बीमा भएको आँप खेतीको क्षेत्रफलः** | ............................. | **बीमा भएको आँप खेतीको क्षेत्रफलः** | ............. |
| **जम्मा बीमा भएको बोट संख्याः** | ............................. | **जम्मा बीमा भएको बोट संख्याः** | .............. |
| **क्षति भएको जम्मा बोट संख्याः** | .............................. | **क्षति भएको बोट संख्याः** | ................................. |
| **प्रतिबोट लागत मूल्य रू.** | ..................................... | **प्रतिबोट उत्पादन क्षति (के.जी.) =** | (प्रतिबोट उत्पादन (के.जी.) - प्रति बोट लिएकोउत्पादन (के.जी.)) |
| **कुल क्षति मूल्य रू** | (क्षति भएको जम्मा बोट संख्या * प्रतिबोट लागत रू * वास्तविक क्षति प्रतिशत) / १०० | **कुल उत्पादन क्षति (के.जी.)** | कुल क्षति भएको बोट संख्या * प्रति बोट उत्पादनक्षति (के.जी.) |

| | | | |
|---|---|---|---|
| **अधिक रकम(रू. १०,००० वा दाबी रकमको ५ % (पाँच प्रतिशत) मध्ये जुन कम हुन्छ)** | ......................... | **प्रति के.जी. मूल्य रू.** | ......................................... |
| **खुद क्षति मूल्य** | कुल क्षति मूल्य रू. – अधिक रकम | **कुल क्षति रकम रू.** | खुद उत्पादन क्षति (के.जी.) × मूल्य रू. प्रति के.जी. ................. |
| | | **अधिक रकम (रू. १०,००० वा दावी रकमको ५ % (पाँच प्रतिशत) मध्ये जुन कम हुन्छ)** | ......................... |
| | | **खुद क्षति रकम रू.** | कुल क्षति रकम रू. - अधिक रकम रू. |

८. स्थिर फोटो संख्या (कम्तीमा पाँचवटा) ........................................................
९. कम्तीमा एक मिनेटको भिडियो क्लिप .............................................

माथि उल्लिखित आँप खेतीमा भएको क्षति सम्बन्धमा क्षति मूल्याङ्कन गर्दा लिइएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरीक्षतिको मूल्याङ्कनको क्रममा प्राप्त भएका तथ्यगत जानकारी तथा विवरणहरू ठीक र साँचो छन् । सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष मूल्याङ्कन गरेको स्व-घोषणा गर्दछु । यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

| क्षति मूल्याङ्कनकर्ताको ल्याप्चे छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**क्षति मूल्याङ्कनकर्ताको:**

नामः ............................................
सम्पर्क नं...........................................
कोड नं./
दर्ता नं./तालिम इजाजतपत्र नं.
.......................................
हस्ताक्षरः
संस्थाको हकमाः
प्यान नं.: ....................
मितिः......................